# ANNUAL REPORT

## Kapan Multiple Campus

(T.U. Affiliated Community Campus)
Estabilshed Date; 2069 B.S.

Bagmati Province
Budhanilkantha-10, Kapan Kathmandu
Tel.: 01-4823580, 4820691, 985117380
Email: kapancampus@gmail.com
Campusrmc429@gmail.com
Web: www.kapancampus.edu.np

**Budget Fiscal Year: 2079/80 B.S.**

**Report Publication Date: 2079/05/18**

## रिपोर्ट तयारी टीम (Report Preparation Team)

१. श्री अनिल सिग्देल, QAA संयोजक
२. श्री याम बहादुर कुवँर RMC संयोजक
३. श्री. दिलीप तामाङ, लेखा सहायक

**व्यवस्थापन समितिद्वारा अनुमोदनको मिति : २०७९/०५/११**

## सारांश (Executive Summary)


कपन बहुमुखी क्याम्पस (KMC), बुढानिलकण्ठ-१०, कपन, काठमाडौं, त्रिभुवन विश्वविद्यालय (TU), नेपालसँग सम्बन्धन प्राप्त छ । विसं २०६९ (२०१३) मा स्थापना भएदेखि नै यस कलेजले व्यवस्थापन र शिक्षाको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ । कलेजको उद्देश्य विश्वस्तरीय शिक्षा प्रदान गर्नु र राष्ट्रको विकासका लागि सक्षम जनशक्ति उत्पादन गर्नु र शिक्षाको माध्यमबाट स्थानीय समुदायको सेवा गर्नु हो । हाल सञ्चालनमा रहेका स्नातक तहका कार्यक्रमहरू शिक्षामा (B.Ed.) र व्यवस्थापन (BBS) हुन् ।

क्याम्पस धेरै सामाजिक कार्यकर्ताहरू, विद्वान व्यक्तित्वहरू र स्थानीयहरूद्वारा स्थापना गरिएको थियो र यसलाई शैक्षिक क्षेत्रमा पर्याप्त अनुभव भएका पेशाकर्मीहरु र शिक्षाविद्हरूको बलियो टोलीद्वारा व्यवस्थित गरिएको छ । कपन बहुमुखी क्याम्पसलाई देशभरको एक प्रमुख सामुदायिक शैक्षिक संस्थातर्फ लैजान व्यवस्थापन समिति अत्यन्तै समर्पित छ । क्याम्पसको जोड सधैं समुदायसँग पारस्परिक सम्बन्ध विस्तार गर्नमा केन्द्रित छ ताकि २१ औं शताब्दीका सीपहरू सहित गुणस्तरीय शिक्षा प्रदान गर्ने वांछित साझा दृष्टिकोण र लक्ष्य हासिल गर्न सकिन्छ ।

क्याम्पस ५ रोपनी क्षेत्रफलमा विस्तारित तीन तले दुई भवनहरुमा सुविधा सम्पन्न कक्षा कोठाहरु र प्रयोगशालाहरु छन् । सामुदायिक शैक्षिक संस्थाका रूपमा क्याम्पसले विद्यार्थीको सुविधाका लागि आवश्यकता र समय अनुसार भौतिक पूर्वाधारको निरन्तर स्तरोन्नति गर्दै आएकोमा कपन बहुमुखी क्याम्पसलाई गर्व छ । शिक्षण-सिकाइ प्रक्रियाहरूको एक भागको रूपमा, सेमिनारहरू, कार्यशालाहरू र तालिमहरू बारम्बार क्षेत्र भ्रमणहरू, परियोजना कार्यहरू र क्षेत्रीय कार्यहरू सञ्चालन गर्दछ । त्यसैले, कलेजले वर्तमान सन्दर्भमा विद्यार्थीहरूको लागि आवश्यक गुणस्तरीय शिक्षाको आश्वासन दिन्छ, र उनीहरूको व्यावसायिक र शैक्षिक लक्ष्यहरू पछ्याउन मद्दत गर्दछ । दक्ष व्यवस्थापन, लगनशील पेशाकर्मीहरु र लगनशील विद्यार्थीहरूको परिणाम स्वरुप कपन बहुमुखी क्याम्पसले विश्वविद्यालयले लिएको परीक्षामा सन्तोषजनक नतिजा दिन सकेको छ ।

क्याम्पसको मुख्य प्राथमिकताहरू मध्ये एक आर्थिक रूपमा विपन्न वा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई सहयोग र सुविधा दिनु रहेको छ । क्याम्पसको लक्ष्य सस्तो लगानीमा शिक्षा प्रदान गर्नु हो ताकि शिक्षा सबको पहुचमा होस्, क्याम्पसले समुदायका सदस्यहरूसँग

नजिकको समन्वयमा कार्य गर्दछ जुन हाम्रो शक्ति पनि हो । विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विभिन्न समितिहरूसँग समन्वय गरी विभिन्न अतिरिक्त क्रियाकलापहरू आयोजना गर्दै आएका छौं । हाम्रा विद्यार्थीहरूले स्थानीय र राष्ट्रिय रूपमा विभिन्न कार्यक्रमहरूमा भाग लिएका छन्, जसले उनीहरूलाई एक्सपोजर र सॉन्दर्भिक अनुभव प्रदान गर्न मद्दत गरेको छ ।

कपन बहुमुखी क्याम्पसले स्थापनाकालदेखि नै शिक्षण सिकाइ र मूल्याङ्कन प्रक्रियामा जोड दिएको छ । कलेज व्यवस्थापन सधैं विश्वव्यापीकरण शैक्षिक क्षेत्रको उन्नतिको बारेमा धेरै सचेत छ जसले शैक्षिक संस्थाहरूलाई समय-समयमा आफ्नो शैक्षिक योजनालाई स्मार्ट बनाउन चेतावनी दिएको छ । उन्नत स्तरको सिकाइ स्रोतहरू विकास गर्ने सन्दर्भमा, कपन बहुमुखी क्याम्पसले विस्तारित र योजनाबद्ध रूपमा फराकिलो कक्षा कोठाहरु, प्रयोगशालाहरू र अन्य विभिन्न क्षेत्रहरू सहित अतिरिक्त र सह-पाठ्यक्रम गतिविधिहरू निर्माण गरी पूर्ण दायरामा योजना बनाएको छ । त्यसैगरी क्याम्पसले दक्ष जनशक्ति भर्ना गरी तोकिएको पाठ्यक्रमको आवश्यकता अनुसार विकास गर्ने कुरालाई पनि जोड दिएको छ । क्याम्पसका स्नातक तहका विद्यार्थीहरूले आफ्नो पेशामा जहाँ गए पनि आफ्नो पेशागत बल कायम राख्नका लागि कलेजले शिक्षार्थी केन्द्रित र अनुसन्धानमा आधारित शिक्षण सिकाइमा जोड दिँदै आएको छ ।

अहिलेको द्रुत बृद्धि भइरहेको बहुआयामिक शैक्षिक क्षेत्रमा प्रत्येक संस्थाले समान प्रकृतिका शैक्षिक संस्थाहरूसँग प्रतिस्पर्धा गर्न समग्र क्षेत्रमा सधैं अद्यावधिक र योजनाबद्ध रहनुपर्छ । त्यसैले कपन बहुमुखी क्याम्पस व्यवस्थापन समितिले योजना क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै आएको छ । क्याम्पस राम्रोसँग परिभाषित र निर्दिष्ट ढाँचा र संरचनाहरूमा व्यवस्थित गरिएको छ । कपन बहुमुखी क्याम्पससँग शिक्षा क्षेत्रमा ज्ञान र अनुभवलाई समृद्ध बनाएर कागजात तयार गर्ने बलियो टोली छ । यसले क्याम्पसका सबै सरोकारवालाहरूसँग समन्वय गरी हरेक वर्ष वार्षिक प्रतिवेदन तयार गर्छ । क्याम्पसको समग्र शैक्षिक, भौतिक, आर्थिक र सामाजिक उपलब्धिलाई ध्यानमा राखी कपन बहुमुखी क्याम्पसको प्रतिवेदन तयारी टोलीले २०७९/०५/१८ मा वार्षिक प्रतिवेदन तयार गरी प्रस्तुत गरेको थियो र व्यवस्थापन समितिबाट २०७९/०५/१२ गते अनुमोदन गरियो ।

**Table of Contents**

Contents


१.पृष्टभूमि ........................................ 4

१.१ क्याम्पसको शैक्षिक अवस्था : ........................................ 5

२. क्याम्पसको भौतिक अवस्था :- ........................................ 6

३. क्याम्पसको आर्थिक अवस्था : ........................................ 7

४. सामाजिक अवस्था ........................................ 8

५. क्याम्पसको विद्यमान चुनौतीहरु ........................................ 8

६. समाधानका विकल्पहरु ........................................ 9

७. क्याम्पसका भावी कार्यक्रमहरु : ........................................ 9

८. वार्षिक कार्य योजना र यो आ.व.को बजेट रकम । ........................................ 10

९. **Projected Annual Work Plan and Budget of the Three Fiscal Years following the Current Fiscal Year** ........................................ 10

१.पृष्टभूमि

कपनवासी जनताको चाहना एवं उदारमना उद्योगी, व्यवसायी, बुद्धिजीवी, पेशाकर्मी, राजनीतिज्ञलगायत विभिन्न तह र तप्काका शिक्षाप्रेमी महानुभावहरुको सहयोग र सहभागितामा एक सन्ध्याकालीन तथा प्रातकालीन सामुदायिक क्याम्पस (**कपन बहुमुखी क्याम्पस**) त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी सञ्चालन भइरहेको छ।

वि.सं. २०६९ सालमा शिक्षा संकायका रूपमा स्थापना गरिएको भए तापनि विद्यार्थीहरूको माग, अभिभावकहरूको चाहना, कपनवासी उदारमना उद्योगी, व्यवसायी, बुद्धिजीवी, समाजसेवीलगायत आमनागरिकको निष्ठापूर्ण आर्थिक, भौतिक तथा बौद्धिक सहयोगबाट शिक्षा सङ्काय **बी.एड्.** र शैक्षिक वर्ष २०७० देखि व्यवस्थापन सङ्कायमा **बी.बी.एस.**का कक्षा सञ्चालन गर्न सफल भएका हो । जताततै महँगो शुल्कमा तडकभडकसहित सञ्चालित निजी शिक्षण संस्थाहरूको विज्ञापन भइरहेको वर्तमान सन्दर्भमा निम्न तथा मध्यमवर्गका किशोरकिशोरीहरूलाई न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षाको राष्ट्रिय मूल प्रवाहमा प्रतिस्पर्धात्मक जनशक्ति उत्पादन गर्ने उद्देश्यले यस क्याम्पसको स्थापना गरिएको हो ।

२०६९ सालमा त्रि.वि. बाट सम्बन्धन प्राप्त गरि फाल्गुन १ गते बाट ३५ जना विद्यार्थी र ७ जना विषयगत प्राध्यापक बाट अंग्रजी शिक्षा,नेपाली शिक्षा, र जनसंख्या शिक्षाका जस्ता मुख्य विषय लिई आफ्नो यात्रा शुरु गरेको थियो । बि.एड.का केही कक्षा मिलन चोकमा सन्ध्याकालिन समयमा संचालन हुन्छ भने बि.बि.एस र वि.एड का बाकीं कक्षा विहानि शत्रमा शिवपुरी चोकमा संचालन मा रहेको छन ।हाल यो क्याम्पस झण्डै ७१५ विद्यार्थी, ४२ प्राध्यापक, कर्मचारी सहितको समृद्ध सामुदायिक क्याम्पस निर्माणमा अगाडी बढेको छ । यस क्याम्पसको उज्जल भविष्य निर्माण गर्न प्रति व्यक्ति रु १०००० का दरले ५३७ जना क्याम्पसको आजीवन सदस्य बनेर पुर्‍याउनु भएको सहयोग क्याम्पसको आधारशिला निर्माणमा अविश्मरणीय योगदानको रुपमा रहेको छ ।

**"गुणस्तरिय शिक्षा, आर्थिक मितव्ययिता, कपन बहुमुखी क्याम्पसको विषेशता"** भन्ने सिद्वान्तलाई मनन् गर्दै यस कपन बहुमुखी क्याम्पसको पहिलो साधारण सभामा सफल पारिएको थियो । देशको विभिन्न भागबाट यस कपन क्षेत्रमा आएर उच्च शिक्षा हासिल गर्नको लागि बस्नेहरुलाई शहर भित्रका महगां कलेजसगं प्रतिशपर्धा गर्न सक्ने गरि गुणस्तरिय शिक्षा प्रदान गर्नु अनिवार्य हुन्छ । यस गहन कार्यमा समाजको साथ, सहयोग र क्याम्पस प्रतिको चासोले नै यस क्याम्पसलाई नेपालकै उच्च शिक्षा हासिल गराउने उत्कृष्ट नमूना संस्थाको रुपमा विकास गराउन सकिन्छ भन्नेमा कपन बहुमुखी क्याम्पस व्यवस्थापक र क्याम्पस प्रशासन सचेत रहेको छ ।

विश्व विद्यालय अनुदान आयोग, निर्वाचन क्षेत्र सांसद विकास कोष, बुढानिलकण्ठ नगरपालिका र विभिन्न मन्त्रालयहरुको सहयोग मा क्याम्पसले विद्यार्थीहरुका लागि लाईब्रेरी मा पुस्तकालय दराज,कम्प्युटर टेबल, कुर्चि निमार्ण गर्न सकिएको छ भने लाईब्रेरीमा विद्यार्थीहरुले राम्रो संग लाईब्रेरीको सदुपयोग गर्न सकिरहेका छन । करीब ३० करोड रुपैयाँ को लागतमा अनुमान गरीएको भवन निर्माणका लागि प्रदेश सरकारको सहयोगमा आ.व. २०७५।०७६ मा विनियोजित रु ५ करोड रुपैयाँले जोरधारा मा अवस्थित ५ रोपनि जगगामा ४० कक्षा कोठा भएको अपाङ्ग मैत्रि सुविधा सम्पन्न भवन निर्माणको थालनि गरिएको मा हाल सम्म उक्त भवन निर्माण सम्पन्न भईसकेको छैन तर अबबाट कक्षा संचालन उक्त भवनबाट गरिनेगरी अगाडी बढीएको छ ।

### १.१ क्याम्पसको शैक्षिक अवस्था :

क्याम्पसमा शिक्षाशास्त्र संकायमा नेपाली, जनसंख्या र अंग्रेजी प्रमुख विषयको पढाई संचालन गरिएको छ । भने व्यवस्थापन तर्फ मूल विषयका रुपमा वित्तशास्त्र र वजारशास्त्र संचालन गरिदै आईएको छ । यस क्याम्पसमा २० जना पूर्णकालिन प्राध्यापक १८ जना आंशिक प्राध्यापक ४ जना कर्मचारी कार्यरत छन । व्यवस्थापन संकाय तर्फ ४०३ र शिक्षाशास्त्र संकाय तर्फ ३१२ जना गरी जम्मा ७१५ जना विद्यार्थीहरु रहेका छन भने प्रथम वर्षको भर्ना क्रम जारीनै छ । यस वर्ष (१२) जना विद्यार्थीहरुले स्नातक तह उत्तीर्ण गर्नु भएको छ । विश्व विद्यालय अनुदान आयोगको विभिन्न आर्थीक वर्षको सहयोगबाट क्याम्पसमा १० थान डेस्टप सहितको कम्प्युटर ल्याब र पुस्तकालय स्थापना गरिएको छ । क्याम्पसको गुणस्तरीय शिक्षालाई सुधार गर्नका लागि निम्न शैक्षिक कार्यक्रमहरु संचालन गरिदै आएको छ ।

- क्याम्पसको नतिजालाई सुधार गर्नका लागि नियमित मूल्याङ्कन प्रणाली र अन्तिम परीक्षाको समयमा परीक्षा तयारी कक्षाहरु संचालन गरिदै आएको छ ।
- विद्यार्थीको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न क्याम्पसमा विभिन्न अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु पनि गरिदै आएको छ ।
- क्याम्पसले शैक्षिक गुणस्तर सुधार गर्नका लागि क्याम्पस संचालक समिति,प्राध्यापक,स्टाफ एवं विद्यार्थीहरु विच नियमित अन्तरक्रिया कार्यक्रम गरिदै आएको छ ।
- विभागीय समिति,शिक्षण समिति एवं कार्यक्रम समिति निर्माण गरी शिक्षण प्रभावकारी वनाउने प्रयास गरिएको छ ।
- शिक्षक कर्मचारीलाई पेशा प्रति उत्प्रेरित गर्नका लागि सम्मान एवं पुरस्कृत गर्ने योजना ल्याईएको छ ।
- कक्षा खाली भएको समयमा विभिन्न ज्ञान वर्धक श्रव्य-दृष्य कार्यक्रमहरु प्रोजेक्टरवाट पदर्शन गरिएको

क्याम्पसले विभिन्न छात्रवृत्तिहरुको व्यवस्था गर्नुका साथै विभिन्न आधारहरु अवलम्बन गरी मेघा छात्रवृत्ति प्रदान गर्दै आएको छ । यस वर्ष ५१ जना विद्यार्थीहरुलाई आंशिक छात्रवृत्ति प्रदान गरिएको ।

भावी दिनहरुमा क्याम्पसमा विविध प्रविधियुक्त कार्यक्रमहरुलाई प्रोत्साहन गर्दै अनुशासन र नियमिततालाई जोड दिइने रणनीति अवलम्बन गर्ने कार्यक्रम रहेको छ । साथै क्याम्पसमा वर्तमान विषयहरुका साथसाथै प्राविधिक एवं कार्यमूलक शिक्षा तर्फ उन्मुख भएमा भावी सम्पूर्ण युवा पुस्ताको आकर्षक शैक्षिकथलो हुन सक्ने सम्भावना देखिन्छ ।

क. विद्यार्थी संख्या

| BED | First Year | | | Second Year | | | Third Year | | | Fourth Year | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७९ | २०७८ | २०७७ | २०७९ | २०७८ | २०७७ | २०७९ | २०७८ | २०७७ | २०७९ | २०७८ | २०७७ |
| Janjati | २३ | २० | २० | २० | ८ | ३० | ८ | १२ | १३ | १२ | १३ | १७ |
| Madhesi | ५ | २ | ९ | २ | २ | ४ | २ | ४ | ३ | ४ | ३ | २ |
| Others | २२ | ५० | ३८ | ५० | १५ | ४४ | १५ | २७ | २० | २७ | २० | ३२ |
| Dalit | ७ | २७ | १० | २७ | २ | १० | २ | १५ | ७ | १५ | ७ | १ |
| EDJ | १५ | १६ | ५ | १६ | २१ | ४ | २१ | १९ | ५ | १९ | २२ | ५ |
| **BBS** | **First Year** | | | **Second Year** | | | **Third Year** | | | **Fourth Year** | | |
| | २०७९ | २०७८ | २०७७ | २०७९ | २०७८ | २०७७ | २०७९ | २०७८ | २०७७ | २०७९ | २०७८ | २०७७ |
| Janjati | २७ | २१ | २३ | २१ | ११ | २३ | ११ | ११ | २३ | ११ | १८ | १० |
| Madhesi | ३ | ५ | ५ | ५ | ५ | ५ | ५ | ९ | ५ | ९ | ५ | २ |
| Others | ३० | ४७ | ४५ | ४७ | ३० | ३५ | ३० | ३० | ३० | ३० | ४० | ४३ |
| Dalit | ८ | १७ | १० | १७ | ८ | ४ | ८ | २० | ८ | २० | १० | ७ |
| EDJ | ३९ | ४० | ७ | ४० | १६ | १० | १६ | २६ | ७ | २६ | १५ | २ |

शैक्षिक सत्र २०७९ का विद्यार्थी संख्या रहेका छन ।

बि.एड ३१२

बि.बि.एस ४०३

जम्मा विद्यार्थी संख्या ७१५

ख. वार्षिक परीक्षामा सहभागि दर

| Level | Total | Total | Girls | | EDJ | | Madhesi | | Dalit | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Appears | Pass | TA | TP | TA | TP | TA | TP | TA | TP |
| **BED** | 125 | 65 | 47 | 8 | 57 | 4 | 23 | 2 | 12 | 1 |
| **BBS** | 225 | 125 | 50 | 15 | 72 | 12 | 7 | 1 | 27 | 2 |
| **Total** | **350** | **190** | **97** | **23** | **129** | **16** | **30** | **3** | **39** | **3** |

ग. विद्यार्थी उत्तीर्ण

| Level | Total | Girls | EDJ | Madhesi | Dalit |
|---|---|---|---|---|---|
| **BED** | 65 | 25 | 5 | 3 | 2 |
| **BBS** | 125 | 45 | 12 | 3 | 6 |

३. क्याम्पसको भौतिक अवस्था :-

यस क्याम्पसको भौतिक अवस्था वितरणका कार्यक्रमहरु आवश्यकता अनुसार निरन्तर अगाडि बढिरहेको छ । यो क्याम्पस स्थापनाको चरणमा बालउद्धार माध्यमिक विद्यालयको कक्षा कोठाहरु प्रयोग गर्ने गरी विद्यालय संग सम्फौता गरिएअनुसार विद्यालयको ३५ कोठाहरु आवश्यकता अनुसार प्रयोगमा ल्याईएको थियो । २०७७ साल बाट क्याम्पसका सम्पूर्ण कक्षाहरु आफ्नै नवनिर्मित भवनमा बाट संचालन गर्ने गरी सारीएको छ ।

यसै अनुरुप कपन जोर धारामा क्याम्पसको २ कोठे भवन निर्माण गरिसकिको छ भने आ.ब. २०७३।०७४मा सासंद विकास कोष , नगरपालिकाको सहयोगमा क्याम्पसको नयाँ भवन निर्माण गर्ने कममा जि.वि.स का प्राविधिक बाट तयार गरिएको भवन नक्सा अनुसार ३० वटा पाएल निर्मांण बाट थालनी गरीएकोमा र आ.व. २०७४।०७५,२०७५।०७६, २०७६।०७७ मा बुढानिलकण्ठ नगरपालिका र प्रदेश सऱकारको सहयोगमा भवननिर्माण कार्यलाई निरन्तर अगाडी बढाईएको छ भने आ.व. २०७७०७८ र २०७८।०७९ मा प्रदेश सांसर विकास कोष बाट बिनियोजित रकमले क्याम्पसको पलास्टर, कक्षा कोठा निर्माण, रंरोगन, सटर झ्याल ढोका निर्माण गरिएको छ ।

क्याम्पसको भवन निर्माण पुरा भएपछी विद्यार्थीहरुका लागि आवश्यक पर्ने कक्षा कोठा ३५, प्रशासन कोठा ३, क्याम्पस प्रमुख कोठा १, पुस्तकालय,लेखा, कम्प्युटर ल्याब,सुरक्षा गार्ड कोठा छुटट् छुटै् हुने छ जसले गर्दा विद्यार्थीको शैक्षिक गतिविधि अगाडि बढाउनका लागि सहयोग हुने छ ।

**घ. क्याम्पसको हालको भौतिक अवस्था तपशिल अनुसार रहेको छ ।**

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | २ कोठे भवन | १ |
| २ | ४० कोठे निमार्णधिन शैक्षिक तथा प्रशासनिक भवन | १ |
| ३ | डेम्स बेन्च आ.व. २०७८।०७९ यु.जि.सि. बाट प्राप्त गरिएको २० खरीद सहित हुने ) | ८० |
| ४ | हवाइट वोर्ड | १५ थान |
| ५ | अफिस टेवल | १० थान |
| ६ | कम्प्युटर डेस्टप | ९ थान |
| ७ | सोफासेट | २ थान |
| ८ | पुस्तक सहितको पुस्ताकालय, | ३००० थान |
| ९ | अफिस दराज | ५ थान |
| १० | फोटोकपी मेशिन | ४ थान |
| ११ | प्रिन्टर | ४ थान |
| १२ | ल्यापटप डेल | ४ थान |
| १३ | प्रेजेक्टर स्किन | १ थान |

३. क्याम्पसको आर्थिक अवस्था :

संस्थालाई पारदर्शी बनाउनका लागिक्याम्पस संचालक समितिको बैठकको निर्णय अनुसार नियमित लेखा परीक्षण गर्ने प्रचालन रहेको छ । विगत ३ आर्थिक वर्षमा पुँजिगत तर्फको विवरणलाई निम्न अनुसार रहेको छ ।

**ङ. आम्दानि का स्रोत विगत तिन आ.व.**

| विवरण | आ.व २०७८।०७९ | आ.व २०७७।०७८ | आ.व २०७६।०७७ |
|---|---|---|---|
| विद्यार्थी प्रवेश शुल्क | ४९१७०७१ | १८२९६०० | ३३५२३५० |
| UGC नियमित अनुदान | १२०५००० | ८४५४०० | ७८८४०० |
| UGC अनुसन्धान | ४०००० | | १२०००० |
| UGC तालिम संचालन अनुदान | १५०००० | | १४७५०५ |
| UGC फर्निचर खरीद अनुदान | ३००००० | | ३००००० |

| | | | |
|---|---|---|---|
| UGC पुस्तक,उकरण खरीद अनुदान | | ५००००० | २००००० |
| नगरपालिका अनुदान | २२११२८३ | १०००००० | २८८०१०५ |
| शिक्षा विकास निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय | ४०३१२९२ | | |
| विश्वविद्यालय समुदाय सर्म्पक कार्यक्रम विश्व विद्यालय अनुदान आयोग अनुदान | ५९७६०० | | |
| सामाजिक विकास मन्त्रालय प्रदेश न. ३ | | २४०००० | ४४९१०३७ |
| टेण्डर आवेदन शुल्क | | | ० |
| आजिवन सदस्य | १७०००० | ३५०००० | ९०००० |
| अन्य | २,१७९,३७७.९४ | २३८०९७८८.३५ | २७१६९०६.८९ |

च. खर्च का स्रोत विगत तिन आ.व.

| विवरण | आ.व २०७८।०७९ | आ.व २०७७।०७८ | आ.व २०७६।०७७ | आ.व २०७५।०७६ |
|---|---|---|---|---|
| तलब | ७४५९९३४ | ३१७६२७५ | ५९३१५२२ | ५८७३२१८ |
| छात्रवृत्ति | १२०००० | १८०००० | १३७००० | ५२८०० |
| भवन निर्माण | ७२६८३६५ | १३२९८२३ | १५२९८१३९ | ४६८५९९२८ |
| उपकरण,फनिर्चर, खरिद | ५८२०१९ | २५००० | ३८१२९५ | ५४०४०० |
| पुस्तक खरिद | १९५७१२ | ७५००० | ५४९८२ | ७०५५९ |
| अन्य | ३७७७८०२.२७ | २४९६४८०.०० | २९७२३९३ | ३८१०३३४ |

**आ.व. २०७८।०७९ मा फनिर्चर खरीद लागि प्राप्त रु ३ लाख अनुदान बाट क्याम्पसका लागि आवश्यक विद्यार्थी बस्ने डेस्क बेन्च २० थान आ.व. २०७९।०८० मा खरीद गरिएको छ ।**

लेखापरीक्षक बाट औल्याएका टिप्पिरिहरुलाई आगामि दिनहरुमा के कसरी न्यनिकरण गर्न सकिन्छ र अझ पारदर्शीता गर्न सकिन्छ भन्ने तर्फ अगाडी बढीएको छ ।

४. सामाजिक अवस्था

क. क्याम्पस समाजको सरसफाई र चेतना अभिवृद्धिमा संलग्न
ख. समाजका बौद्धिक वर्गहरु करिब ५३७ जना आजिवन सदस्य रहेको
ग. समाजलाई गुणस्तरिय शिक्षाको अनुभुति गराउदै निजितर्फको आर्कषणलाई कम गराउने
घ.आजिवन सदस्य खुल्ला, उत्पादित विद्यार्थीलाई सकेसम्म क्याम्पस भित्रहुने रोजगारीको वातावरणमा प्रथमिकता
ङ. चन्दा दाताहरुबाट क्याम्पसलाई आवश्यक पर्ने आर्थिक सामाजिक भौतिक सहयोग निरन्तररुपमा प्राप्त भईनै रहेको छ ।

५. क्याम्पसको विद्यमान चुनौतीहरु

१) छुटै पुस्तकालय,शैक्षिक,प्रशासनिक एवं सूचना प्रविधि प्रयोगशाला भवनको अभाव ।
२) विद्यार्थी स्थानान्तरण।
३) आफ्नै स्वमित्व सहितको जग्गाको लालपूर्जा नहुँदा विभिन्न दातृ संस्था संग आर्थिक सहयोगप्राप्त गर्न समस्या हुन ।
४) प्राविधिक एवम् शीपमुलक शिक्षाको अभाव ।

५) ऐथेष्ट भौतिक सम्पन्नताको अभाव ।
६) सामुदायिक क्याम्पस प्रति समाज एवं राष्ट्रको स्पष्ट दृष्टिकोणको अभाव ।
७) समुदायका सबै पक्षहरुको क्याम्पस आकर्षक शैक्षिक थलोको रुपमा स्थापित हुन नसक्नु ।
८) उच्च शिक्षा हासिल गरेका मानव श्रोत सहज रुपमा रोजगारी प्राप्त गर्न नसक्नु ।
९) उच्च शिक्षा जीवनपयोगी व्यहारिक एवं रोजगारीमूलक वन्न नसक्नु ।
१०) युवाहरुको आकर्षकको केन्द्र उच्च शिक्षा भन्दा वैदेशिक रोजगारीमा उत्प्रेरित हुनु ।

६. समाधानका विकल्पहरु

१) प्राध्यापक कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्न पुनर्ताजी तालिम व्यवस्था गरिने छ ।
२) विभिन्न दातृ संस्थाहरु संग समन्वय गरी सहयोगको अपेक्षा गर्नु पर्ने ।
३) आफ्नै स्वमित्व सहितको जग्गाको लालपुर्जा प्राप्तिका लागि सर्वपक्षीय पहल गर्ने ।
क्याम्पस प्राविधिक एवम् सीपमूलक शिक्षालाई विशेष जोड दिनुपर्ने ।
४) विद्यार्थीहरुको नतिजामा सुधार ल्याउन कमजोर विद्यार्गीहरुलाई पहिचान गरी अतिरिक्त कक्षा तयारी कक्षा मरामर्श सेवा आदि व्यवस्था गरिने छ ।
५) मासिक एवं त्रैमासिक रुपमा कार्ययोजना सहित समीक्षा गरी सुधार कार्यहरु गर्ने ।
६) क्याम्पसको सरोकार पक्षहरु,अविभावक एवं विद्यार्थीहरु विच नियमित अन्तर्क्रिया गरी समस्या समाधानका उपायहरु खोजी गर्ने ।
७) क्याम्पसको निर्माणाधिन प्रशासनिक एवं पुस्तकालय भवनको कार्य सम्पन्न तर्फ अर्गसर हुनु
८) विद्यार्थी संख्या बढाउन घरदैलो र व्यापक प्रचारप्रसार गर्ने ।
९) गुयास्तरीय शिक्षामा जोड दिने ।

७. क्याम्पसका भावी कार्यक्रमहरु :

१) क्याम्पसको निर्माणाधिन भवन निर्माण कार्य शुरु गर्न विभिन्न दातृ संस्था संग समन्वय गरी सहयोग माग गर्ने
२) क्याम्पसको इन्टरनेट सुविधालाई सहज वनाउन विद्युतीय पुस्तकालयको अवधारणा विकास गर्ने ।
३) प्राध्यामक एवं विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी वनाउन विभिन्न विषयगत कार्यशाला गोष्टीहरुको आयोजन गर्ने
४) क्याम्पसलाई व्यवस्थित वनाउनका लागि गुणस्तरीय विश्वसनीयता प्रयच्न (QAA) प्राप्ति गर्नका लागि SSR Report पुरा गर्ने ।
५) अन्य पब्लिक क्याम्पसहरु संग समन्वय गरी शिक्षाको गुणस्तरीयता कायम गर्न पहल गर्ने ।
६) क्याम्पसमा प्राध्यापन गर्ने प्राध्यापकहरुलाई क्रमश कार्यक्षमताका आधारमा प्रक्रियाअनुसार स्थायी एवं वृत्तिविकास गर्ने
७) पुस्तकालयमा आवश्यक सुधार गरी पर्याप्त पुस्तकहरु उपलब्ध गराउने र कम्प्यूटराइज प्रद्धतिद्वारा अफ व्यवस्थित गर्ने ।
८) शिक्षण शिकाइलाई व्यवस्थित वनाउन श्रव्य-दृष्य सहित नयाँ प्रविधि प्रयोग गर्ने ।
९) क्याम्पसलाई आवश्यक थप भौतिक विस्तार एवम् क्याम्पस घेरावार गर्ने
१०) शिक्षक कर्मचारीको मनोवल वृद्धि गर्न पुरस्कृत कार्यक्रम सञ्चालन गर्ने ।
११) क्याम्पसको विकासका लागि समुदाय सगं सुमधुर सम्वन्ध स्थापित गर्न विभिन्न सामाजिक दायित्वका कार्यक्रमहरु गर्ने

८. वार्षिक कार्य योजना र यो आ.व.को बजेट रकम ।

१.विद्यार्थी भर्ना संख्या बृद्धि गर्नका लागि घरदैलो कार्यक्रम संचालन गरिने छ ।
२.यो वर्ष मिलेसम्म नयाँ कार्यक्रम बि.ए लगायत विषयहरु थप गरिने छ ।
३.यो आ.व. मा त्रिवि. ले सम्बन्धन दिएको खण्डमा एम बि एस र बि.ए थप गरिनेछ र कुनै
४.क्याम्पसले यो कार्यक्रम संचालन गर्न नसकेको थाहा पाएमा कुनै क्याम्पसबाट यो कार्यक्रम ल्याउने प्रयास गरिने छ ।
५.क्याम्पसको भवन लाई सम्पन्न गर्नका लागि दाताहरुको खोजि गरिने छ ।
६.क्याम्पसको आईसिटि ल्याब र पुस्तकालय लाई सुद्धिढिकरण गरिने छ ।

छ. आम्दानी खर्च

| Income | Amount | Expenditure | Amount |
|---|---|---|---|
| Life Member | 3,50,000 | Re Current Expenditure | |
| | | Salary | 85,00,000 |
| | | Other Operating Exp. | 20,00,000 |
| Student Fee | 76,50,000 | Capital Expenditure | |
| Grant From Gov. Sources | | Major Infrastructure ( Building) | 5,00,00,000 |
| | | Minor Infrastructure | |
| Grant From UGC- | | Equipment | 4,80,000 |
| Regular Grant | 15,00,000 | Library Books | 5,00,000 |
| Equipment/Furniture | | Equipment/Furniture | |
| Purchase | 12,50,000 | Purchase | 12,50,000 |
| Province Government | 5,00,00,000 | Bank loan Interest | 15,00,000 |
| Municipality | 25,00,000 | | |
| **Total Amount** | **5,86,00,000** | **Total Amount** | **5,86,00,000** |

**९. Projected Annual Work Plan and Budget of the Three Fiscal Years following the Current Fiscal Year .**

| Income | 2079/080 | 2080/081 | 2081/2082 | Expenditure | 2079/080 | 2080/081 | 2081/2082 |
|---|---|---|---|---|---|---|---|
| Life Member | 350,000 | 385000 | 404250 | **Re Current Expenditure** | | | |
| Student Fee | 7650000 | 6890000 | 6389500 | Salary | 6500000 | 7150000 | 7150000 |
| Regular Grant (UGC) | 1500000 | 1650000 | 1732500 | Other Operating Exp. | 2000000 | 2200000 | 2420000 |
| Furniture,Equip/Book Purchase (UGC) | 1250000 | 1375000 | 1443750 | **Capital Expenditure** | | 0 | 0 |
| Province Government | 50000000 | 500000 | 2000000 | Major Infrastructure ( Building) | 50000000 | 500000 | 2000000 |
| Municipality | 2500000 | 1000000 | 1500000 | Minor Infrastructure | | 0 | 0 |
| | | 0 | 0 | Equipment (ICT LAB) | 500000 | 0 | 250000 |
| | | 0 | 0 | Library Books | 500000 | 300000 | 0 |
| | | 0 | 0 | Furniture ( DESKBENCH) | 1250000 | 0 | 0 |
| | | 0 | 0 | Bank loan Interest | 1500000 | 1650000 | 1650000 |
| **Total Amount** | **5,86,00,000** | **11800000** | **13470000** | **Total Amount** | **5,86,00,000** | **11800000** | **13470000** |

भुमिदत्त पौडेल
क्याम्पस प्रमुख